# एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२।

किस्पाङ गाउँपालिका कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/११/२७

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

**प्रस्तावना:** निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाई पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन र उत्पादकत्वको बृद्धिबाट कृषकको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति मार्फत स्थानियलाई पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अनुसार कार्यान्वयन गर्न वाञ्छनीय भएकाले किस्पाङ गाउँपालिकाले "एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२" बनाई लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताविक प्रस्ताव पेश गर्न योग्य कृषक समुह/ कृषि तथा पशुपालन सहकारी /नीजि फार्म लाई सम्झनु पर्छ ।

(ख) **"गाउँपालिका"** भन्नाले किस्पाङ गाउँपालिकालाई सम्झनुपर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले वार्षिक स्वीकृत कायर्क्रम र बजेट सम्झनुपर्छ ।

(घ) **"दुग्ध उत्पादक सहकारी संस्था"** भन्नाले दूध सङ्कलन, प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनुपर्छ । साथै सो शब्दले दुग्ध सङ्कलन, प्रशोधन तथा बितरण कार्यमा संलग्न बहुउदेश्यीय सहकारी, साना किसान सहकारी तथा कृषि सहकारी संस्था समेतलाई बुझाउँदछ।

(ङ) **"पशु सेवा शाखा"** भन्नाले किस्पाङ गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

(च) **"साझेदार संस्था"** भन्नाले सम्बन्धित कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनौटमा परी सम्झौता गरेका आवेदक संस्थालाई सम्झनु पर्दछ ।

(छ) संक्रामक रोग भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचिमा उल्लिखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>प्रस्ताव आह्वानः</u> (१) कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई लक्षित प्रस्ताव पेश गर्न ७/१५/२१ (सात /पन्ध्र /एकाईस) दिन आवस्था अनुसार म्याद राखी अनुसूची -१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा-१ बमोजिम सूचना प्रकाशन गर्दा हुन नआएका कार्यालयले पुनः कम्तीमा ३/७ (तिन/सात) दिनको समय राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

४. <u>प्रस्ताव दर्ताः</u> कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक आवेदकले दफा-३ मा उल्लिखित समय सिमा भित्र अनुसूची-३ बमोजिमको कार्ययोजना, अनुसूची- ४ बमोजिमको स्वघोषणा-पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थान सम्मको नक्सा लागायतका अनुसूची-२ को ढाँचामा आवेदन मा उल्लिखित अन्य आवश्यक कागजात सहित सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

५. <u>प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणः</u> दफा ४ बमोजिम प्राप्त भएको प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणीकरण पश्चात कार्यालयमा स्वीकृतका लागि सिफारिसका लागि एक मूल्याङ्कन समिति, आर्थिक विकास समिति वा कार्यपालिकाले सिधै गर्न सक्नेछ ।

६. <u>स्थलगत प्रमाणिकरणः-</u> (१) कार्यालयले स्थलगत प्रमाणिकरणको लागि अनुसूची-६ बमोजिमको प्रतिवेदन ढाँचा प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा (२) दुई विज्ञलाई बैठमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-७ बमोजिमको आधारमा रही मुल्याङ्कन गर्दा ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ ।

७. <u>प्रस्ताव छनौटका जानकारीः-</u> स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ३/७(तिन/सात) दिनको सिमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।साथै कार्यालयको नियम अनुसार गर्न सक्नेछ ।

८. **सम्झौता:-** (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले अनुसूची-८ बमोजिमको सम्झौता गरी कार्यक्रम कार्यन्वयन गर्नेछ ।

(२) छनौट भएका आवेदकहरु सम्झौता गर्न समय सिमा भित्र नआएमा एंव तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यन्वयन गरिने छ । साझेदारले सम्झौता गर्नु अघि सोहि प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

## दुधका लागि गाई/भैसी प्रवर्द्धन कार्यक्रम ५०% अनुदान कार्यक्रम

९. **आवेदक:** यो कार्यक्रममा दर्तावाला गाई/भैसी पालक कृषक समूह, सहकारी र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

१०. **कार्यक्रम सञ्चालनको शर्तहरु:** (१)यस कार्यक्रमा निजि क्षेत्रका आवेदकले कम्तिमा २ वटा (दुहुनो वा व्याउने भएको वा प्रजनन् योग्य) कृषकहरुले गाई/भैसी पालन गरेको हुनुपर्ने छ ।

(३) समुह वा सहकारीको हकमा ७ वा १५ जना गाई/भैसीपालक कृषक सदस्य समावेश हुनुपर्ने र प्रत्येक सदस्यले २ वटा (दुहुनो वा व्याउने भएको वा प्रजनन् योग्य) कृषकहरुले गाई/भैसी पालन गरेको हुनुपर्ने छ ।

(४) कुल लागतको बढीमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

(५) विगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रममा छनौट गर्न पाईने छैन ।

११. **कार्यक्रम बाट संचालन गरिने क्रियाकलापहरु**

- ✓ गोठ निर्माण सुधार
- ✓ दुहुनो गाईभैसि खरिद
- ✓ पशु विमा
- ✓ आवश्यक यन्त्र उपकरणहरु
- ✓ उन्नत घाँस प्रवद्धन

## परिच्छेद-४

५०% प्रतिशत अनुदानमा कृषकहरुलाई उन्नत जातको पाडापाडी कार्यक्रमः-

१२. कार्यक्रम सञ्चालनको शर्तहरुः (१) कार्यालयले साझेदार कृषक/समुह/ सहकारी छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) निजि क्षेत्रका आवेदकले कम्तिमा ३ वटा वा सो भन्दा बढि गाई/भैसी/पाडापाडी पालन गरेको हुनुपर्ने छ ।

(३) समुह वा सहकारीको हकमा १५ जना कृषक सदस्य समावेश हुनुपर्ने र प्रत्येक सदस्यले २ वटा सो भन्दा बढि गाई/भैसी/पाडापाडी पालन गरेको हुनुपर्नेछ ।

(४) कुल लागतको बढीमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

(६) आफुसँग भएको पाडापाडी किक्रि भएमा पूनः अर्को थपि ब्यावसाय नियमित गर्नुपर्ने छ ।

(७) विगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रममा छनौट गर्न पाईने छैन ।

१३. कार्यक्रम बाट संचालन गरिने क्रियाकलापहरु

- ✓ पाडापाडी खरिद तथा ढुवानि
- ✓ पाडापाडी बिमा
- ✓ गोठ निर्माण तथा सुधार
- ✓ आवश्यक यन्त्र उपकरणहरु
- ✓ उन्नत घाँस प्रवर्द्धन

## परिच्छेद-५

## दुध/डेरी स्थापनाको लागि यन्त्र उपकरण व्यवस्थापन अनुदान कार्यक्रम

**१४.कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः**-(१) कार्यालयले साझेदार कृषक/समुह छनौट गर्न सूचना आह्वान गर्नेछ ।यस कार्यक्रम ५०प्रतिशत अनुदानमा संचालन गरिनेछ ।

२)दुध संकलन भएको  तथा संकलन गर्न सक्ने अवस्था

३) डेरी स्थापनाको लागि भौतिक पुर्वाधारको उपलब्धता जस्तै भवन , बिजुलि,सडक लागायत)

४) दुध उत्पादनको लागी गाईभैसि पालिरहेको कृषक संख्या

५) अन्य सामाग्रि तथा व्यवस्थापन

**(२) संचालन गर्ने क्रियाबलापहरुः-**

१. मिल्क एनाल्याजर
२. मिल्क क्यान
३. मिल्क पास्चुराईजेसन
४. डिप फ्रिज
५. अन्य दुग्ध पदार्थमा प्रयोग हुने यन्त्र/उपकरणहरु

(३) दुग्धजन्य यन्त्र उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटका लागि प्रस्तावित कार्ययोजना फारम अनुसुची-९ अनुसार फाराम भर्नुपर्ने छ ।

## परिच्छेद-४

## ५०% अनुदानमा काउ म्याट वितरण कार्यक्रम

**१५.आवेदक वा प्रतावकः-** यो कार्यक्रममा दर्तावाला गाई/भैसी पालक कृषक समूह, सहकारी र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

**१६.कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः-**

२. कार्यालयले साझेदार कृषक/समुह छनौट गर्न सूचना आह्वान गर्नेछ ।

३. उक्त आवेदनहरुलाइ तपशिल मापदण्ड पुरा गरेको प्रस्ताव छनोट गर्नुपर्नेछ।

- सुधारएको गोठ हुनुपर्ने ।
- निजि क्षेत्रका आवेदकले कम्तिमा ३ वटा वा सो भन्दा बढि गाई पालन गरेको हुनुपर्ने छ ।
- समुह वा सहकारीको हकमा ७ वा १५ जना गाईपालक कृषक सदस्य समावेश हुनुपर्ने र प्रत्येक सदस्यले २ वटा गाई पालन गरेको हुनुपर्नेछ ।
- दुध, मासु उत्पादनमा परिमाण मुखि उत्पादन गर्ने कृषकलाइ छनोटमा प्रथामिकता दिइनेछ ।

४.अनुदान प्रवाहः- व्यावसायिक कृषकहरुलाई आवश्यकता अनुसार/माग अनुसार बजेटको सिमा भित्र रहि ५०% प्रतिशत साझेदारीमा अनुदान रकम वा कार्यालयले सामाग्री खरिद गरि कृषकलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद-६

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**१७. साझेदार रकमः** (१) सम्झौतामा उल्लेखित क्रियकलापहरु सञ्चालन तथा स्वीकृत गर्न वार्षिक बजेटको परिधिभित्र रही रकम वा कार्यालयले सामान तथा वस्तु खरिद गरि उपलब्ध गराईनेछ ।पूजीगत प्रकृतिका/ चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा,यन्त्रउपकरण, कृषि पूर्वाधार जस्तै-गोंठ, खोर, आदि निर्माणको हकमा एंम प्रविधि जडानका /स्थापनाका लागि कुल लागतको बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिने छ ।

(२)यस कार्यक्रमको प्रकृति अनुसार साझेदार संस्थाले ५० प्रतिशत रकम गाउँपालिकाको धरौटि खातामा जम्मा गर्नुपर्ने छ ।

कार्यक्रम बजेटको कार्यालयको नियमानुसार कन्टिन्जेन्सी बापत छुटयाईनेछ र उक्त रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एंम प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरणमा आदिमा खर्च गरिनेछ ।

(३) कार्यक्रम कार्यान्वयनको चरणमा कार्यालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ । यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ/ अन्तिम बिललाई प्राविधक सिफारिस तथा कार्यालयले स्थलगत निरिक्षण गरी बढीमा तीन किस्ता वा एकै पटकमा साझेदारको बैंक खाता मार्फत भुक्तानी गर्न सकिन्छ ।साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य समपन्न प्रतिवेदन, बील, स्थलगत निरीक्षण तथा कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानि गरिनेछ ।

(५) प्रोत्साहन रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाईने छैन ।

## परिच्छेद-७

## अन्य व्यवस्था

१८. <u>दोहोरोपना नहुनेः</u> यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघिय र प्रदेश तहवाट कार्यान्वयन हुने तथा भएका कृषकहरुलाई यस कार्यक्रमा सहमागी गराइने छैन। गत आर्थिक वर्षमा सोही प्रकृतिको प्रोत्साहन प्राप्त गर्ने साझेदार संस्थालाई प्रकृयामा सामावेश गराइने छैन ।

१९. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्थाः</u> कार्यक्रमको प्रकृति अनुसार सम्झैतामा भए बमोजिम प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले अनुसुची-१० बमोजिमको सार्वजनिक सूचना पाटी, कार्यक्रम सञ्चालन हुने स्थलमा सबैले देख्ने गरी अनिवार्य टाँस गर्नु पर्नेछ ।

२०. <u>कारवाही सम्बन्धी व्यवस्थाः</u> साझेदार सम्झौता अनुरुप रकम लिई दुरूपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर तथा प्रचलित ऐन, नियम, कानुनबमोजिमनै हुनेछ ।

२१. <u>संशोधनः</u> कार्यालयले आवश्यकत्ता अनुसार यस कार्यविधि संसोधन र खारेज गर्न सक्नेछ ।

२२. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै कार्यविधी र उल्लेख नगरिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र प्रचलित ऐन, नियम, कानुनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानुन बमोजिम नै हुनेछ ।

अनुसूची-१
(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रस्ताव आह्वानको सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकासित मितिः ......... ........ ........

किस्पाङ गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..... .... ....(कार्यक्रमको नाम) ... .... कार्यक्रम सञ्चालनको लागि ... .... (कार्यक्रम क्षेत्र) ..... अन्तर्गतका इच्छुक कृषक समूह/ सहकारी/ निजी व्यावसाय दर्ता भएको कृषकले यो सूचना प्रकाशित मितिले ३/७/१० (तिन/सात/दश) दिनभित्र एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८२ को तपसिल अनुसारको कागजातहरु संलग्न राखि अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन .... ..... .....(कार्यालयको नाम) मा दर्ता गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।साथै रित नपुगी दर्ता भएमा प्रस्ताव छनौट प्रक्रियामा सामावेश गरिने छैन ।

**<u>आवेदन पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१. अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन
२. सम्बन्धित ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
३. कृषक समूह/ सहकारी/ निजी उद्यमी दर्ता र PAN दर्ताको प्रतिलिपि,
४. गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागजात
५. कृषक समूह/ सहकारी संस्थाको हकमा गत आ.व. को साधारण साभाको बैठक निर्णय प्रतिलिपि,
६. जग्गाको सवामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५(पाँच) वर्षको करार सम्झौता पत्र
७. कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित वडाको सिफारिस साथ संख्या समेत खुलाउनुपर्ने,
८. अनुसुचि -३ बमोजिमको कार्य योजना,
९. अनुसूची-४ बमोजिमको स्व-घोषणा पत्र,
१०. अनुसूची-५बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
११. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,नागरिकताको प्रतिलिपि ,

## अनुसूची-२

(दफा-४ सँग सम्बन्धित)

<u>आवेदनको ढाँचा</u>

मितिः ....., ..... .....

**श्रीमान् प्रमुख प्रशासकीय** अधिकृत ज्यू,

किस्पाङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यलय

काहुले, नुवाकोट ।

<u>विषयः प्रस्ताव पेश गरिएको बारे ।</u>

महोदय,

तहाँ कार्यालयको मिति .... ..... .... .... मा प्रकाशित सूचना अनुसार ... .... .... ..... .... ..... .....कार्यक्रम सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/छौ । साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको ब्यहोरा समेत अनुरोध गर्दछु/छौ ।

<u>संलग्न कागजातहरुः</u>

१) .... .... .... ...

२) .... ... ... ... ..... .... ... ....

<u>आवेदकको:</u>

नामः

पदः

ठेगानाः

संस्थाकोः

नामः

संस्थाको छापः

सम्पर्क नं.

## अनुसुचि -३

(दफा-४ सँग सम्बन्धित)

**कार्यक्रमको संक्षिप्त कार्ययोजना**

**१. आवेदक संस्थाः**

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | | |
| ठेगाना | | |
| संस्था दर्ता भएको मिति र निकाय | | |
| सम्पर्क व्यक्तिको नाम र पद | | |
| सम्पर्क नं. | | |
| कार्यक्रम गर्ने स्थान | | |
| | | |

**१.२ संचालन समिति/ कार्य समिति पदाधिकारीहरुको नामावलीः**

| क्र.स. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिम/ बैदेशिक रोजगारीमा गएको अवस्था

| क्र. स. | नाम | पद | शैक्षिक योग्यता | लिङ्ग | तालिम/ बैदेशिक रोजगारीमा रहेको समय | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय/ बैदेशिक रोजगारीमा गरेको काम | तालिम / बैदेशिक रोजगारीमा अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संञ्चालक समितिको निर्णय र निर्णय मिति:

... .... .... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .. ... ... ... ... ... ... ... ... ...

साधारण सदस्य संख्या: (क) पुरुष ... ... ... (ख) महिला ... ... ... ... ...

शेयर सदस्य संख्या: (क) पुरुष ... ... ... (ख) महिला ... ... ... ... ...

१.३ स्थापनाकालका क्रियाकलापहरु: ... ... ... ... ... ... ... ...., .... .... .... ... ... ... ... ... ...

१.४ हालका क्रियाकलापहरु: ... ... ... ... ... ... ... .... .... .... ... ... ... ... ... ... ... ....

१.५ हालसम्म् सम्पन्न मुख्य मुख्य कार्यहरु: ... ... .... .... .... ... ... ... ... ... ... ... ....

२. पशुपन्छी तथा मत्स्य पालनको अवस्था:

| क्र.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/ क्षेत्रफल(प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/बाच्छी/ पाठा/पाठी/माउ/ भाले आदि) अनुसार छुट्टाछुट्टै उल्लेख गर्ने) |
| २. | | | | |
| ३. | | | | |

३.जग्गा सम्बन्धी विवरणः

| क्र.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेती | | | |
| | | | | |
| | | | | |

४.ऋण लिएको विवरणः

ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः

| लागानी गर्ने बैंक /वित्तीय संस्था | ऋण लिनुको उदेश्य | रकम रु. | ऋण अवधि | सम्पुर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेको क्रियाकलापहरु र उपलब्धीहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

५.रोजगारीको अवस्था (संचालक/ कार्य समिति बाहेक)

| क्र.स. | पद | शैक्षिक योग्यता | महिला/पुरुष | सम्बन्धित क्षेत्रमा |
|---|---|---|---|---|
| | | | | कार्य अनुभव |
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**६.चरन क्षेत्र मेसिनरी औजार तथा नविनतम प्रविधिको प्रयोगः**

क) चरन क्षेत्र र घाँसखेतीको क्षेत्रफलः ... .... ... ... .... ... .... .... ... ... .... ....

- प्रमुख घाँसका जातहरुः ... ... .... ... ... .... ... ... ... .... ... ... ... ... ...

ख) सञ्चालनमा आएका मेशिनरी औजारहरुः ... ... ... ... ... .... .... ... .... ... .. .... ...

ग) नविनतम प्रविधिको प्रयोगः .... ... ... ... ... .... .... ... .... ... .. .... ... .... .. ... .

**७. वातावरणीय तथा सामाजिक जोखिम न्यूनिकरणः**

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन् ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

**८. वर्तमानको समस्याहरुः**

(उत्पादन तथा वाजारीकरणसँग जोडिएका सम्याहरु उल्लेख गर्न सकिनेछ ।)

पहिचान भएका समस्याहरुको समाधानका लागि बनाईएका योजनाहरुः

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि |
|---|---|---|---|
| | | | |
| | | | |

९. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफलः

| क. स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम सञ्चालन पछिको अपेक्षित प्रतिफल | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए / गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नुपर्ने | | | | |

१०.उत्पादित वस्तुको बजारिकरणको योजनाः

| क.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता सँग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

११.आवेदकले स्वालगानी गर्न चाहेको खण्डमा रकमको सुनिश्चतता (आवेदकले लगानी गर्ने )

| क.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

आर्थिक प्रस्तावः

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आवेदकको:

नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं.

अनुसूची-४

(दफा-४ सँग सम्बन्धित)

**स्व-घोषणा पत्र**

मितिः .................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
किस्पाङ गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यलय
काहुले, नुवाकोट ।

प्रसतुत विषयमा तहाँ कार्यालयको मिति...............................का दिन प्रकाशित सूचना अनुसार यस...........................ले.........................कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/ छौं । यदि यस स्व-घोषणामा केही झुठ ठहरिएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

तपसिलः

१) अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कूनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२) यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कूनै पनि प्रतिकुल असर गर्ने छैन ।

३) कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

औंठा छाप

आवेदकको
नामः
पदः
ठेगानाः
संस्थाको छापः
सम्पर्क नं.-

अनुसूची-५

(दफा-४ सँग सम्बन्धित)

<u>समबन्धित किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय देखि कार्यक्रम सञ्चालन गरिने स्थानसम्मको नक्सा</u>

उत्तर

## अनुसूची-६
### (दफा-६ सँग सम्बन्धित)
### स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

आवेदक संस्थाको ठेगानाः

स्थगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्थाः

| भौतिक पूर्वाधार | भए(✓)/नभएको(X) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| .................... | | |

२. चरन तथा घाँस खेतीको अवस्थाः

| | चरन क्षेत्र | घाँस खेती | |
|---|---|---|---|
| मुख्य जातका घाँसहरु | | | |
| घाँस खेती क्षेत्रफल | | घाँसको प्रजाति | लगाइएको क्षेत्रफल |
| | | | |
| जग्गाको स्वामित्व | | | |

३. पशुपालन तथा उत्पादनको अवस्थाः

| पशु प्रजाति | पशु संख्या | | | उत्पादन बिक्रि(दुध/मासु) बार्षिक |
|---|---|---|---|---|
| | माउ/प्रजनन योग्य | बाच्छा/ बाच्छी/ पठा/पाठी | साढे/राँगो/बोका/बिर | |
| गाई | | | | |
| भैसी | | | | |
| बाखा | | | | |
| बंगुर | | | | |
| भेडा | | | | |
| | | | | |

४. पन्छीपालन तथा उत्पानको अवस्थाः

| जात | पशु संख्या | | उत्पादन | |
|---|---|---|---|---|
| | भाले | पोथी | अण्डा | मासु |
| ग्रामिण कुखुरा | | | | |
| कालिज | | | | |
| अन्य | | | | |

५. मत्स्य पालन तथा उत्पादनको अवस्थाः

| जात | मत्स्य पालन क्षेत्रफल | मत्स्य उत्पादन |
|---|---|---|
| | | |
| | | |
| | | |

६. प्रयोग भईरहेको मेशिनरी औजार/ उपकरणहरुः

| नाम | संख्या |
|---|---|
| | |
| | |

७. भौगोलिक हिसाब उपयुक्ता भए/ नभएको .... ...... ..... ..... ....

८. संस्थाले गरेका नविनतम कार्यहरु .....  ..... ..... ...... .........

९. स्थलगत निरीक्षण टोलिको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/ नरहेकोः.... .... .... .... ....

१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरणः

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## अनुसूची-७

(दफा-६ उपदफा (३) सँग सम्बन्धित)

**मुल्याङ्कन गर्ने आधारहरु**

कार्यक्रको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

मूल्याङ्कनः

| क्र. स. | सूचक | अधिकतम अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | १० | | |
| २ | संस्था दर्ता अवधि (संस्था दर्ता अवधि २ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गर्ने) | ५ | | |
| ३ | हाल पालिरहेको पशु/पन्छी/मत्स्य संख्या/क्षेत्रफल (प्रस्ताव गरिएको कार्यक्रम सँग सम्बन्धित मात्र) | २५ | | |
| ४ | घाँस खेतिको क्षेत्रफल (गाई, भैसी, भेडा,बाख्राको हकमा) (गाई/भैसी बाख्राको घाँस खेति गरीएको क्षेत्रफल र आहारा व्यवस्थापन | १० | | |
| ५ | मेशिनरी औजार उपकरणको प्रयोग, नवीन प्रविधिको अनुशरण तथा अन्य कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ७ | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध (५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८ | सम्बन्धित क्षेत्रमा तालिम | ५ | | |
| ९ | कार्ययोजना | १५ | | |
| जम्मा | | १०० | | |

नोटः मूल्याङ्कन समितिले अनुसूची-७ मा उल्लेख भएका मूल्याङ्कनका सूचकलाई आभार मानी थप खण्डीकरण गरी मुल्याङ्कन गर्न सक्नेछ ।

अनुसूची-८

(दफा-८ उपदफा (१) सँग सम्बन्धित)

**द्विपक्षीय सम्झौता पत्र**

आ.व............ को ........... बिनियोजन कार्यक्रम मार्फत प्राप्त .............कार्यक्रम संञ्चालन गर्न मिति .................. गतेको कार्यालयको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये मिति..................... गतेको ................. निर्णय अनुसार श्री ............................................. )छनोट भएको हुदाँ श्री किस्पाङ गाउँपालिका कार्यालय यसपछी प्रथम पक्ष भनिने र ....................................यस पछी दोस्रो पक्ष भनिने बिच तपशिलका बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम संचालन गर्ने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

तपशिलः

१. प्रथम पक्षले ... ... ... ... ... ... ... ... कार्यक्रम सञ्चालनका लागि ईस्टिमेट गरिएको रकम रु. ... ... ... ... (अक्षरूपी रुपैयाँ ... ... ... ... ... ... .... ... ... ) को कार्य सम्पन्न भएपछि किस्पाङ गाउँपालिकाको कार्यालय बाट उपलब्ध गराइने प्रोत्साह रकम रु. ... ... ... .... (अक्षरूपी रुपैयाँ ... ... ... ... ... ... .... ... ... ) को नियमानुसार कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु. .... ..... .... ... ... ... ... (अक्षरूपी रुपैयाँ ... ... ... ... ... ... .... ... ... ) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोस्रो पक्षलाई बैंक खाता मार्फत भक्तानी गर्नेछ ।

२. दोस्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति ... ... ... ... ... भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वालगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोस्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि सम्बन्धित प्राविधिकले तयार गरेको कार्य सम्पन्न् प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाई, कामको नियमानुसारको

भ्याट/प्यान बिल,भपाई, कार्य सम्पन्न प्रतिवेदन ,सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पत्श्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले नियम अनुसार कन्टिन्जेन्सी रकम कट्टा गरी दोस्रो पक्षलाई कार्यमूल्याङ्कनको आधारमा प्रथम पक्षले बैङ्कखाता मार्फत भुक्तानी गर्नेछ ।

४. ढुवानि तथा अन्य सृजित दायित्वहरु दोस्रो पक्षले गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले पशु बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले पशुको वंशावली रेकर्ड अनिवार्य राखुपर्नेछ ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको आधारमा आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

८. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवारय रुपमा उपलब्ध गराउनुपर्नेछ ।

९. दोस्रो पक्षले समझौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले प्रोत्साहन रकम भुक्तानी गर्ने छैन ।

१०. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी प्रोत्साहन रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले प्रोत्साहन रकम प्रचलित ऐन कानून बमोजिम सरकारी बाँकि बक्यौता सरह असुल उपर गर्नेछ ।

११.कार्यक्रम सञ्चालनको दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| **प्रथम पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| छापः | छापः |

इति सम्बत् … … … … साल … … महिना … … गते रोज … … शुभम् ।

अनुसूची -९

(दफा- १४ को उपदफा-३ संग सम्बन्धित)

## प्रस्तावित कार्ययोजना

**दुग्धजन्य यन्त्र उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक प्रारम्भिक छनौटका लागि भर्ने फारमः-**

१.दुध संकलन भएको  तथा संकलन गर्न सक्ने अवस्था

२.डेरी स्थापनाको लागि भौतिक पुर्वाधारको उपलब्धता जस्तै भवन , बिजुलि,सडक लागायत)

३.दुध उत्पादनको लागी गाईभैसि पालिरहेको कृषक संख्या

४.अन्य सामाग्रि तथा व्यवस्थापन

५.दैनिक दूध उत्पादनः

६. दैनिक दूध संकलनः

७. दैनिक दुग्ध बिक्रिः

८. हाल मौजाद रहेको उपकरणः

९. आवश्यक पर्नेः

| क्र.स. | यन्त उपकरण | संख्या | क्षमता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आवेदकः-

नामः

ठेगानाः

मितिः

संस्थाको छापः

अनुसूची-१०

(दफा- १६सँग सम्बन्धित)

<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>

(साइजः ५ फिट ४ फिट)

किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

कार्यक्रम/आयोजना नामः ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी उद्यमीको नामः ... .... .... .... .... .... .... ....

ठेगानाः ... ... ... ... ... ... ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ... ... ....

साझेदार संस्थाको सहभागिताः रु. ... ... ... ... ... ... ... ... ... ... ...

आयोजना अवधिः ... ... ... ... ... ... देखी ... ... ... ... ... ... ...

लाभग्राही संख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्यजाति ... ... ... ... ...